# कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०७९

**प्रस्तावना:** निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, उत्तरदायी र व्यावसायिक पत्रकारिताको माध्यमबाट कर्णाली प्रदेशको विकास र समृद्धि तथा कर्णाली प्रदेशका जनतालाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुऱ्याएका पत्रकारलाई पुरस्कृत र सम्मान गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले कर्णाली प्रदेश पत्रकारिता पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ४ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(घ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ र सो शब्दले संयोजकको अनुपस्थितिमा संयोजकको रुपमा काम गर्ने सदस्यलाई समेत जनाउँछ।

३. **सूचना प्रकाशन र निवेदन माग:** (१) पुरस्कारको लागि पत्रकारबाट निवेदन माग गर्न मन्त्रालयले पैंतीस दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालयको सूचना पाटी र वेबसाईटमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र दफा ६ बमोजिमको योग्य निवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको स्वःघोषणा पत्र सहित मन्त्रालयले तयार गरेको विद्युतीय माध्यममा प्रविष्टि गर्नु पर्नेछ।

४. **सिफारिस समितिको गठन:** (१) पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि पत्रकारको नाम सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति हुनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रमुख, सञ्चार महाशाखा, मन्त्रालय - सदस्य

(घ) मध्यपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र केन्द्रिय क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभाग, सुर्खेतका



सचिव

प्रमुख वा निजले तोकेको एकजना प्रतिनिधी - सदस्य

(ङ) राष्ट्रिय समाचार समिति, कर्णाली प्रदेशका प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

(च) पत्रकार महासंघ, कर्णाली प्रदेशको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(छ) प्रमुख, सूचना तथा सञ्चार शाखा, मन्त्रालय सदस्य-सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार पत्रकारिता विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमको सदस्य तोक्दा पत्रकारिता पुरस्कारको लागि आवेदन नदिएको प्रतिनिधि तोक्नु पर्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन र कागजात जाँच गरी पत्रकारको नाम र योगदान सहितको अभिलेख तयार गर्ने,

(ख) पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने।

६. **पुरस्कार सिफारिसको आधारः** (१) समितिले पुरस्कारका लागि पत्रकारको नाम सिफारिस गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पत्रकारिता पेशामा आवद्ध भई कर्णाली प्रदेशको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक विकासमा अनुसन्धानमूलक लेख, रचना वा श्रव्य दृश्य कार्यक्रमको माध्यमबाट कर्णाली प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुऱ्याएको,

(ग) कर्णाली प्रदेशमा रहेका विभिन्न जात, जाति, भाषा, धर्म, लिङ्ग, समुदाय, सम्प्रदाय र भूगोलका नागरिक बीच शान्ति, विविधता बीचको एकता र सद्भावको अभिबृद्धि गर्न खोजमूलक तथा विधागत क्षेत्रमा काम गरेको,

(घ) कर्णाली प्रदेशमा देखिएका सामाजिक समस्या, कुप्रथा, कुरीति, विकृतिको अन्त्य गर्ने विषयमा लेख रचना प्रकाशन गरी सामाजिक अभियानमा पत्रकारिताको माध्यमबाट सहयोग पुऱ्याएको,

(ङ) कर्णाली प्रदेशको वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनको क्षेत्रमा सूचना सङ्कलन तथा सम्प्रेषण गरी सहयोग पुऱ्याएको,



सचिव

(च) पुरस्कार प्राप्त गर्नको लागि पत्रकारिता क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेको र खण्ड (ख), (ग), (घ) र (ङ) मध्ये कम्तीमा एक विधाको विवरण झल्किने गरी कम्तीमा दश अङ्क लेख रचना वा श्रव्य दृश्य साम्रगी प्रकाशित वा प्रसारित गरेको,

(छ) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,

(ज) पत्रकारिता आचार संहिता उल्लंघन नगरेको,

(झ) प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारबाही नभएको।

(२) उपदफा (१) बमोजिमका आधारमा मन्त्रालयले मूल्याङ्कनको वस्तुगत मापदण्ड र आधार बनाउनु पर्नेछ।

(३) समितिले पुरस्कार वितरणको लागि तीन जना योग्य पत्रकारको नाम मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

७. <u>पुरस्कारको स्वीकृति तथा वितरण</u>: (१) समितिले सिफारिस गरेका पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम मन्त्रालयले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको लागि सिफारिस गरेका पत्रकारलाई मन्त्रालयले महत्वपूर्ण अवसर वा दिवसमा पुरस्कृत गर्नेछ।

८. <u>पुरस्कारको रकम</u>: (१) पत्रकारिता पुरस्कार वापत पत्रकारलाई जनही पचास हजार रुपैयाँ रकम र प्रमाणपत्र प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

९. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

सचिव

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कर्णाली प्रदेश पत्रकारिता पुरस्कारको लागि पेश गर्ने निवेदनको ढाँचा</u>**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत।

कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि,२०७९ बमोजिम कर्णाली प्रदेश पत्रकारिता पुरस्कार प्राप्त गर्न देहायको विवरण सहित यो निवेदन पेश गरेको छु:-

(१) निवेदकको नाम:
(२) ठेगाना:
(३) सम्पर्क नम्बर:
(४) मिति:

<u>संलग्न कागजात:</u>

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(२) पत्रकारिता पेशामा आवद्ध भएको प्रमाण खुल्ने प्रमाणित कागजात,
(३) दफा ६ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) वा (च) मा उल्लेख भएका आधार पुष्टी गर्ने लेख रचना वा श्रव्य दृश्य कार्यक्रमको अभिलेख,
(४) स्व:घोषणा-पत्र,
(५) व्यक्तिगत विवरण (बायोडाटा)।

<u>निवेदक</u>
नाम:
हस्ताक्षर:
ठेगाना:
फोन नं:
इमेल:

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**स्व:घोषणा-पत्र:**

जिल्ला ................, गा.पा./न.पा ...................., वडा नं. ................वस्ने श्री ............ को छोरा/छोरी वर्ष ..... को म ........... विगत ......... वर्षदिखि पत्रकारिता पेशामा आवद्ध छु। मैले हालसम्म पत्रकार आचारसंहिताको पूर्ण पालना गरिरहेको, प्रेस काउन्सिलवाट कारवाही नभएको र कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय नपाएको व्यहोरा स्व:घोषणा गर्दछु।

निवेदक

नाम:

हस्ताक्षर:

ठेगाना:

फोन नं.:

इमेल:

सचिव

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल